**टोखा नगरपालिकाको नगरसभाको नवौं अधिवेशनका निर्णयहरु:**

१. नगरसभामा पेश भएको संलग्न अनुसूचि- १ वमोजिमको आगामी आ.व. (२०७८/७९) को अनुमानित आय-व्ययको विवरणलाई पारित गर्ने निर्णय गरियो ।

२. संलग्न अनुसूचि- २ वमोजिम टोखा नगरपालिकाको विनियोजित ऐन, २०७८ लाई पारित गर्ने निर्णय गरियो ।

३. संलग्न अनुसूचि-३ वमोजिम टोखा नगरपालिकाको आर्थिक ऐन, २०७८ लाई पारित गर्ने निर्णय गरियो।

४. टोखा नगरपालिकाको आ.व. २०७७/७८ को जेष्ठ मसान्त सम्मको यथार्थ आम्दानी तथा खर्च लाई अनुमोदन गर्ने निर्णय गरियो ।

५. चा.लु आ.व २०७७/७८ मा हाल सम्म टोखा नगरपालिका (नगर कार्यपालिका, नगर प्रमुख, उप-प्रमुख तथा कार्यालयवाट) वाट भएका विभिन्न निर्णय तथा काम कार्वाहीहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

६. चालु आर्थिक वर्षमा स्वीकृत भएका तथा योजना संम्झौता गरि कार्य सम्पन्न हुन नसकेका संलग्न अनुसूची वमोजिमका योजना तथा कार्यक्रमहरुलाई आगामी आ.व.मा जिम्मेवारी सार्ने गरी क्रमागतमा राखी कार्यन्वयन गर्ने निर्णय गरियो ।

७. यस नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) को लागि परामर्शदातावाट पेश भए वमोजिमको संगठन संरचनालाई परिमार्जन सहित नगरपालिकाको आन्तरिक श्रोत साधनलाई समेत मध्यनजर गर्दै संलग्न अनुसूचि वमोजिमको सांगठनिक संरचना तथा दरवन्दी तालिका स्वीकृत गर्ने निर्णय गरियो ।

८. प्रदेश कानुनवाट निर्धारण गरिएको जनप्रतिनिधिहरुको सेवा सुविधा सोही वमोजिम उपलव्ध गराउने कार्यलाई निरन्तरता दिने निर्णय गरियो ।

९. **टोखा नगरपालिकाका कर्मचारीको स्तरवृद्धि सम्वन्धी ऐन, २०७८** लाई पारित गर्दै सो ऐन वमोजिम स्तरवृद्धि हुन योग्य कर्मचारीहरुको स्तरवृद्धिको प्रकृया अविलम्व अगाडि वढाउने निर्णय गरियो ।

१०. यस नगरपालिका अन्तर्गत हाल सम्म करार सेवामा कार्यरत कर्मचारीहरुको आवश्यकता, औचित्यता र कार्य मुल्यांकनको आधारमा करार अवधि आ.व. २०७८/७९ मा थप गरी करार नविकरण गर्ने निर्णय गरियो ।

११. यस नगरपालिकामा विगत समय देखि कार्यरत स्वकिय सचिव श्री जगदिश अधिकारी र श्री विजय डंगोलको पदनाम स्वकिय सचिववाट सहायक कम्प्युटर अपरेटर ( सहायक चौथो सरह सेवा सुविधा हुने गरी) मा परिवर्तन गर्ने निर्णय गरियो ।

१२. यस नगरपालिका कार्यालय तथा अन्तर्गत साविकदेखि दैनिक ज्यालादारीमा कार्यरत तपशिल वमोजिमका कर्मचारीहरुलाई नेपाल सरकारले तोकेको तत तत् तहको प्रथम स्केल सरहको तलव तथा सुविधा पाउने गरी करार सेवामा नियुक्त गर्ने निर्णय गरियो ।

क. अनिल कार्की – सव.ईन्जिनियर

ख. अभिनास खड्का -एम्वुलेन्स चालक

ग. विद्या अधिकारी- प्रा.स्वा.के
घ. मेनका भण्डारी कार्की- प्राविधिक शाखा
ङ. रुपा डंगोल- प्रा.स्वा.के
च. शारदा पाठक- ५ नं. वडा
छ. सुबिना अधिकारी- झोरमहाँकाल स्वास्थ्य
ज. बिना कार्की- आ.स.वा.के-५
झ. उमा कुमारी सिटौला- ९
ञ. मन्जु श्रेष्ठ—६
ट. सर्मिला कुरमी माझी –आधारभूत-५
ठ. शान्ति डंगोल-प्र.स्वा.के
ड. केशरी श्रेष्ठ –प्रा.स्वा.के

साथै प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यालय सहयोगी शान्ता वानियाँ, शान्ता श्रेष्ठ र जानुका खतिवडाले हाल खाईपाई आएको तलव सुविधामा वृद्धि गरी निज कार्यरत पदको न्यूनतम तलव सुविधा उपलव्ध गराउने निर्णय गरियो।

१३. यस नगरकार्यपालिका तथा सो अन्तर्गत कार्यरत स्थायी, अस्थायी, करार कर्मचारीहरुलाई सायिक वमोजिम उपलव्ध हुदै आएको तलव भत्ता/ पारिश्रमिकमा संघीय सरकारले आगामी आ.व. २०७८/७९ देखि वृद्धि गर्ने गरी तय गरेको तलव भत्ता/ पारिश्रमिक समेत थप गरी यस नगरपालिका कार्यालयवाट उपलव्ध गराउने गरी आगामी आ.व.को लागि प्रत्येक कर्मचारीको वार्षिक तलवी प्रतिवेदन पारित गर्ने निर्णय गरियो। साथै, नेपाल सरकारले आगामी आर्थिक वर्षमा आन्तरिक पर्यटन प्रवर्द्धनको लागि कर्मचारीहरुलाई १० दिनको पारिश्रमिक वरावरको पर्यटन काज उपलव्ध गराउने व्यवस्था गरे अनुरुप यस नगरपालिका र सो अन्तर्गत कार्यरत सम्पूर्ण कर्मचारीहरुलाई १० दिनको पारिश्रमिक सहित पर्यटन काज सुविधा उपलव्ध गराउने निर्णय गरियो।

१४. टोखा नगरपालिकको आ. व २०७८/७९ मा वैठक भत्ता लगायत विभिन्न कार्यक्रम संचालन गर्दा हुने खर्चको मापदण्ड संलग्न अनुसूचिमा भए वमोजिम पारित गर्ने निर्णय गरियो।

१५. यस कार्यालयवाट परामर्शदाता मार्फत संचालन गरिने विभिन्न कार्यक्रमहरु जिल्ला दररेट, संघीय/ प्रादेशिक तथा अन्य स्थानीय तहको निर्णयानुसार स्वीकृत मापदण्ड तथा वजार मुल्यको आधारमा कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गराउने निर्णय गरीयो।

१६. काठमाडौं जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटलाई आधार मानी आ.व २०७८/७९ को नगरपालिकाको दररेट स्वीकृत गरी लागू गर्न नगर कार्यपालिकालाई अख्तियारी दिने निर्णय गरियो।

१७. नगरसभावाट स्वीकृत नीति, ऐन,कानूनको परिधिभित्र रही आवश्यक नियम, कार्यविधि, निर्देशिका, मापदण्ड वनाई लागू गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो।

१८. भाडाको घरमा संचालनमा रहेका नगरपालिका कार्यालय,वडा कार्यालय विषयगत शाखा कार्यालयहरु एवं स्वास्थ्य संस्थाहरुलाई अर्को व्यवस्था नभए सम्मका लागि घरभाडा सम्झौतालाई निरन्तरता दिदै कार्यालय संचालनको लागि आवश्यकताको आधारमा थप घरभाडा लिने निर्णय गरियो ।

१९. चा.लु आ.व २०७७/७८ मा ठेक्का स्वीकृत भई चालु आ.व भित्र नै सम्पन्न गर्ने गरी समयावधि तोकिएका तर विविध कारणवाट सम्पन्न गर्न नसकिएका योजनाहरुको आगामी मंसिर मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

२०. नगरपालिकाको कार्य संचालनलाई सहज वनाउन नगरप्रमूख, उप-प्रमुखलाई तपशिल वमोजिमको रकमको परिधिभित्र रही खर्च गर्ने अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

क. योजना तथा कार्यक्रमको लागि कार्यपालिका बैठक तथा नगरसभाबाट अनुमोदन हुने गरी औचित्य र आवश्यकताको आधारमा पुर्वाधार विकास विशेष कार्यक्रम संचालन गर्न नगर प्रमुखलाई रु. २ करोड ५० लाख सम्म बजेट खर्च गर्ने अधिकार प्रत्यायोजन गरियो ।

ख. योजना तथा कार्यक्रमको लागि कार्यपालिका बैठक तथा नगरसभाबाट अनुमोदन हुने गरी औचित्य र आवश्यकताको आधारमा पुर्वाधार विकास विशेष कार्यक्रम संचालन गर्न नगर उप- प्रमुखलाई रु. ५० लाख सम्म बजेट खर्च गर्ने अधिकार प्रत्यायोजन गरियो ।

ग. समपुरक कोष अन्तर्गतको योजना तथा कार्यक्रमहरु छनौट गर्ने अधिकार आवश्यकताको आधारमा नगरप्रमुखले तोक आदेश गरी कार्यान्वयन गर्ने र सो कार्यक्रमलाई नगरकार्यपालिका वैठकवाट अनुमोदन गराउने निर्णय गरियो ।

२१. नगरपालिकावाट स्थापना भएका विभिन्न कोषको संचालन तथा ब्यवस्थापन कार्यविधि अनुसार कार्यान्वयन गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

२२. नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को श्रोत साधनवाट सम्पन्न हुन नसक्ने संलग्न अनुसूची मा उल्लेख भए अनुसारका योजना तथा कार्यक्रमहरु संघीय सरकार, प्रदेश सरकार तथा सम्वन्धित निकायमामा वजेट विनियोजन गर्न अनुरोध गरी पठाउने अधिकार नगरकार्यपालिकालाई दिने निर्णय गरियो ।

२३. यस नगरपालिकामा साबिकमा बनेका घरहरुको अभिलेखीकरण गरिंदै आएकोमा पुन: आगामी आ.व. २०७८/७९ मा म्याद थप गर्ने निर्णय गरियो । हाल सम्म गरिएका अभिलेखीकरण प्रक्रियालाई अनुमोदन गर्ने निर्णय गरियो ।

२४. प्रत्येक वडा कार्यालयलाई अतिथि सत्कार वापत २० हजार र कार्यालय संचालनको लागि ईन्धन समेत गरी मासिक रु २० हजार, मासिक वैठक भत्ता रु १२ हजार गरी जम्मा रु ५२ हजार उपलव्ध गराउने निर्णय गरियो ।

२५. नगरपालिकाको कार्यालयमा रात्रीकालिन पालेपहरा गर्ने २ जना कार्यालय सहयोगीलाई प्रति महिना प्रतिव्यक्ति रु ८०००/- पारिश्रमिक उपलव्ध गराउने निर्णय गरियो । सवारी चालकहरुलाई साविकमा खाईपाई आएको प्रतिमहिना थप अतिरिक्त भत्ता रु ७०००/- लाई निरन्तरता दिने निर्णय गरियो ।

२६. यस नगरपालिका भित्रका विद्यालयहरुको शिक्षा व्यवसायीक, जिवन उपयोगी, स्वावलम्वी वनाउन विद्यालयहरु बीच आपसी सहयोग, समन्वय र सामुहिक योजना निर्माण गरी उपयुक्त कार्ययोजना, निर्देशिका र स्थानिय पाठ्यक्रम निर्माण गरी लागु गर्न कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो । साथै नगरशिक्षा समितिवाट सिफारिस भएका विद्यालयहरुलाई कक्षा थप, स्थानान्तरण तथा नयाँ स्कुल संचालन अनुमति दिने निर्णय गरियो ।

२७. यस नगरपालिकाका ११ वडामा कम्तिमा १/१ वटा साना\ठूला पार्क निर्माण गर्न चालु आ.व. देखि नै अगाडि बढेकोमा DPR बमोजिमको कार्यको आवश्यक समन्वय र सहयोगको योजना वनाउन कार्यपालिकालाई अधिकार दिने निर्णय गरियो । साथै नगरपालिकावाट निर्माण भएका सार्वजनिक पार्कहरु नियमित रुपमा संरक्षणको लागि सम्वन्धित वडाका स्थानीय समुदायमिली पार्क संरक्षण व्यवस्थापन कार्य गर्न चाहेमा त्यस्ता संघ,संस्था/ समुदायहरुलाई संरक्षण तथा व्यवस्थापनको लागि नगरपालिकाले निश्चित मापदण्ड तोकि जिम्मा दिन सक्ने निर्णय गरियो ।

२८. यस नगरपालिकालाई वालमैत्री नगरपालिकाको अवधारणाको रुपमा विकास गरी बाल मैत्री नगर घोषणा कार्यक्रमलाई सफल वनाउन वडागत रुपमा क्रमैसंग घोषणा गर्दै लैजाने गरी कार्यान्वयन गर्ने निर्णय गरीयो ।

२९. यस कार्यालयको वजेटमा विनियोजन भएको योजनाको कन्टीनजेन्सी रकमवाट विकास योजना तथा कार्यक्रमको अनुगमन गर्न दैनिक भ्रमण भत्ताखर्च, सवारी साधन भाडा तथा खरीद, फर्निचर, मेशिनरी औजार खरिद, कार्यालय सामान तथा आवश्यकता अनुसार विविध खर्च गर्न सकिने निर्णय गरियो । साथै पुर्वाधार निर्माण सम्वन्धी कार्यको लागि नगरप्रमुखको नगर प्रमुखको आदेशानुसार संचालन गर्ने ।

३०. नगरपालिका भित्र कार्यरत कर्मचारीहरुको कार्य मूल्याँकन प्रणाली व्यवस्थित गरी दण्डित र पुरस्कृत गर्ने नीति अवलम्वन गर्दै कर्मचारीहरुको कार्य सम्पादन उच्च वनाउन प्रोत्साहनको लागि कार्यविधि वनाई लागू गर्ने निर्णय गरियो । साथै नगरप्रमुखद्धारा प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृतद्धारा सवै शाखा प्रमुखहरु संग कार्यसम्पादन करार सम्झौता गरी स्वीकृत मापदण्डको आधारमा कार्यसम्पादनको मूल्याङ्कन गरी सोहि वमोजिम कर्मचारीहरुलाई दण्ड र पुरस्कारको व्यवस्था गरिनेछ ।

३१. नगरपालिकामा स्वीकृत वजेटको परिधिभित्र रहि आर्थिक सहायता, सानातिना अनुदान, चन्दा आदि एक पटकमा अधिकतम रु २००००/-सम्मको रकम दिने अधिकार नगर प्रमुखलाई प्रत्यायोजन गर्ने निर्णय गरियो । साथै नगर प्रमुखलाई अतिथि सत्कार खर्च मासिक रु ५० हजार सम्म र उप-प्रमुखलाई मासिक रु ३० हजार सम्म खर्च गर्न अख्तियारी दिने निर्णय गरियो ।

३२. यस नगरपालिकाका जनप्रतिनिधी तथा कर्मचारीहरुको जीवन वीमा गर्ने, कार्यालय सम्वन्धि कामकाजमा खटिएका जनप्रतिनिधि र कर्मचारीहरु दुर्घटना परेमा सम्पुर्ण उपचार खर्च नगरपालिकावाट व्यहोर्ने साथै कार्यालय कामको सिलसिलामा मृत्यु भएमा ५ लाख राहत उपलव्ध गराउने निर्णय गरियो ।

३३. कार्यालयको जिन्सी निरिक्षण गरी सो को प्रतिवेदनको आधारमा प्रचलित कानुन वमोजिम लिलाम, विक्री, तथा मिनाहा गर्ने अधिकार नगर कार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय गरीयो।

३४. यस नगरपालिकाको नगरस्तरीय योजना अनुगमन तथा सुपरिवेक्षण समिति हाल चालु रहेकोमा उक्त समितिले हाल सम्म गरेको कामको उच्च मूल्याङ्कन गर्दै सो समितिलाई विदा गरी समितिका संयोजक नगर उप-प्रमुखलाई कानुन अनुसार अर्को समिति गठन गर्ने जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो।

३५. "टोखा नगरपालिकाको अनुदान व्यवस्था तथा संचालन कार्यविधि, २०७६" अनुसार काठमाडौँ उपत्यका खानेपानी लिमिटेड (KUKL), नेपाल विद्युत प्राधिकरण, सामुदायिक विद्यालयहरुलाई दिईएको निकासा अनुदान रकमलाई अनुमोदन गर्ने निर्णय गरियो।

३६. यस नगरपालिकाको आ.ब २०७८/७९ को स्वीकृत वजेट तथा कार्यक्रमहरु वडा समितिवाट सिफारिस भै आएका वडा अन्तर्गत कार्यक्रम कार्यान्वय क्षेत्र निर्धारण भएका विषयगत शाखासंग सम्वन्धित कार्यक्रमहरु अनिवार्य रुपमा विषयगत शाखाको समन्वयमा कार्यान्वयन गराउने निर्णय गरियो।

३७. आ.ब २०७८/७९ को लागि वडागत वजेट रु २ करोड ५० लाख भित्र वडा समितिवाट प्राप्त योजना तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

३८. नगरपालिकामा रहेका कानुनी सल्लाहकारलाई नगरपालिकामा कानुन अधिकृतको व्यवस्था नहुदाँ सम्म न्यायीक समितिको ईजलास सहजीकरण, कानुनी प्रतिरक्षा लगायतका काम कार्वाहीको लागि कानुनी सल्लाहकारहरुलाई चालु आ.व.मा प्रदान गरिएको पारिश्रमिकलाई निरन्तरता दिदै मासिक वढीमा २५ लि. पेट्रोल उपलव्ध गराउने निर्णय गरियो।

३९. यस नगरपालिकामा साविक देखि कार्यरत गरिवसंग विश्वेश्वर कार्यक्रमका सामाजिक परिचालकहरु जना २ लाई उक्त कार्यक्रमवाट उपलव्ध भएको शुरु तलव स्केलमा नगरपालिकाको श्रोतवाट व्यहोर्ने गरी मासिक रु १४०००/- थप उपलव्ध गराउने निर्णय गरियो।

४०. यस नगरपालिका क्षेत्रमा पुर्वाधार निर्माण गर्दा ढलान एवं मेसिनरी वाल निर्माणमा रु ५ लाख लागत भन्दा माथिको कार्यमा अनिवार्य रुपमा मिक्स्चर प्रयोग कार्यलाई निरन्तरता दिने निर्णय गरियो। साथै मेसिन औजारहरु प्रयोग गरी निर्माणकार्य संचालन गरेमा डोर हाजिरीको प्रयोग नगरी मेसिनरीकै दररेटको आधारमा कार्यको मूल्याङ्कन गर्ने निर्णय गरियो।

४१. यस नगरपालिकाको न्यायिक समितिद्धारा आ.ब २०७७/७८ मा हाल सम्म भएका न्याय सम्पादन सम्वन्धी काम कार्वाहीहरुको कार्य प्रतिवेदन सभामा पेश भएकोले सो प्रतिवेदन उपर छलफल गरियो, उक्त काम कार्वाहीको प्रशंसा गर्दै न्याय सम्पादनलाई थप प्रभावकारी वनाउने कार्य अगाडि वढाउनको लागि आवश्यक भौतिक लगायत अन्य पुर्वाधारहरु तयार गर्ने निर्णय गरियो।

४२. स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७ अनुसार यस नगरपालिकाको गत आ.व. २०७६/७७ को स्वमूल्याङ्कनको अन्तिम नतिजा ( कूल प्राप्ताङ्क ५१.५) लाई वृहत छलफल गरी अनुमोदन गर्ने निर्णय गरियो।

४३. वहाल विटौरी कर अन्तर्गत वडा नं.९ मा विष्णुमति नदी उकासको जग्गामा साविक समयदेखि संचालनमा रहेको छाप्रो पसल कवलमा लिईदै आएको मासिक भाडा रकमलाई निषेधाज्ञाको समयमा पसल व्यावसाय संचालनमा नआएको हुदाँ २०७८ वैशाखको निषेधाज्ञाको समय देखि २०७८ आषाढ मसान्त सम्मको भाडा छुट दिने निर्णय गरियो।